# पाठ - 2
## मानवजातीको सृष्टिको इतिहास

# الدرس الثاني - نيبالي
## قصة الخلق

मानिसजातिको सृष्टिको इतिहास तब देखी नै शुरु भएको छ,जब अल्लाहले हामी सबैका पूर्वज (प्रथम पिता) आदम अलैहिस्सलाम को सृष्टि गर्नु भयो, अल्लाहले उहाँलाई माटो बाट सृजना गर्नु भयो र त्यसमा प्राण (आत्मा) हाल्नु भयो र त्यस पछि उहाँलाई सबै वस्तुहरुको नाम सिकउनु भयो र उहाँको आदर र सम्मानको लागी अल्लाहले सबै देवदूतहरु लाई आदम अलैहिस्सलाम को अगाडी ढोग्न आदेश दिनु भयो सबै फरिष्ताहरुले ढोगे तर इब्लीस (शैतानहरु का नायक) ले आदम अलैहिस्सलामसंग घमण्ड र ईर्ष्या गर्दै ढोगेन, तब अल्लाहले त्यसलाइ आकाश लोकबाट तल झारी हाल्नुभयो अनि त्यसलाइ घृणित, तिरस्कृत र अपमानित गरेर स्वर्ग बाट निष्कासित गर्नु भयो र त्यसलाई धिक्कार र श्राप दिदै त्यसमाथी नर्क अनिवार्य गरी दिनुभयो ।
त्यस पछि आक्रोशित भएर इब्लीसले अल्लाहसंग यो प्राथना गर्यो कि मलाई प्रलयको दिन सम्म छूट प्रदान गरिदिनुस्, अल्लाहले त्यसलाई छूट प्रदान गरिदिनु भयो तब इब्लीसले यो प्रतिज्ञा गर्यो कि त्यसले आदम अलैहिस्सलामका सबै सन्तानहरुलाई सोझो बाटोबाट बिचलित गर्छ अनि तिनीहरुलाई पथभ्रष्ट पार्छ ।त्यसपछि अल्लाहले आदम अलैहिस्सलाम बाट उहाँको पत्नी हव्वा अलैहास्सलाम लाई सृष्टि गर्नु भयो ताकि उहाँले आफ्नो स्वास्नी बाट सुख र शान्ति प्राप्त गर्न सकुन् र अल्लाहले दुबैजनालाई यो आदेश दिनु भयो कि स्वर्गमा बसोबास गर्नु र त्यसमा रहेका हरेक प्रकारका सर्वोत्तम आहारहरु खाऊ र अल्लाहले इब्लीसको शत्रुतालाई पनि बताउनु भयो र ती दुबै जनाको परीक्षा र जाँचको लागी स्वर्गमा रहेको एउटा रुखको छेउमा जान बाट मनाही गर्नु भयो तर शैतानले तिनीहरुलाई पथभ्रष्ट पार्नको लागी शपत लिएको थियो त्यसै कारण त्यो गएर दुबै जनाको मनमा कौतुहलको सृजना गरिदियो र त्यस रुखको फल खानको लागी प्रोत्साहित गर्यो अनि शपथ खाएर भन्न थाल्यो कि म तिम्रो हितैसी हुँ अनि भन्यो यदि तिमीले यस रुखको फल खाइहाल्छौ भने तिमीहरु लाई शाश्वत अमरत्व प्राप्त भई हाल्छ अनि तिमी सदैव सदैवका लागी स्वर्गमा बस्ने छौ र यदी यस फललाई खाएनौ भने अल्लाहले तिमीलाई पृथ्वीमा झारी दिन्छ शैतानले बराबर उहाँहरु लाई बिचलित गर्ने प्रयासमा लागेको थियो यहाँ सम्म कि त्यस लाई सफलता पनि प्राप्त भयो अनि ति दुबै जनालाई तिरस्कृत गरी दियो र ती दुबैजनाले त्यस फललाई खाई हाले र आफ्नो पालनकर्ताको आदेशको उल्लघंन गरिहाले, त्यसपछि ति दुबैजना आफ्नो कर्ममाथी धेरै पक्ष्चाताप र शर्म गरे र आफ्नो पालनकर्तासंग क्षमायाचना पनि गरे अल्लाहले तिनीहरुलाई क्षमा गरीदिनु भयो तर उहाँहरुलाई स्वर्ग बाट पृथ्वीमा झारि दिनुभयो त्यस पछि आदम र उनका पत्नि हव्वा अलैहिमास्सलामले यस धरतीमा बसोबास गर्न थाले अल्लाहले तिनीहरुको सन्तानमा धेरै वृद्धि गर्नु भयो यहाँ सम्मकि यस संसारमा फैलिएका सबै मानिसहरु उहाँकै सन्तान हुन ।
त्यस पछि शैतान र त्यसका सन्तानहरुले आदम अलैहिस्सलाम का सन्तानहरु लाई पथभ्रष्ट गर्ने र सही मार्ग बाट बिचलित पार्ने प्रयास र संर्घषमा लागेका छन ताकि उनीहरुलाई अल्लाहको बाटो बाट पथभ्रष्ट गर्दै पुण्य बाट वन्चित राखर्दै प्रतिफलको दिनमा सबैजनालाई नरकमा पुर्याइ देउन्
तर अल्लाहले मनुष्यहरु लाई त्यतिकै बेकार छाड्नुभएन तिनीहरुको मार्गदर्शनको लागी सन्देष्टाहरु पठाउदै गर्नु भयो, सन्देष्टा हरुले उनीहरुका लागी सच्चा बाटोलाई प्रष्ट पारे र सफलताको बाटो तिर मार्गदर्शन गरे ।
आदम अलैहिस्सलामको देहान्त पछि उनको समुदायले दस शताब्दी सम्म मात्र एउटै अल्लाहको उपासना र अराधना गर्दै थिए त्यस पछि शैतानले तिनीहरुलाई बिचलित गरी दियो अनि तिनीहरु अल्लाह बाहेक अर्कैको उपासना गर्न थाले अनि मानिसहरुले मूर्ति पूजाको शुरुआत गरिदिए, तब अल्लाहले आफ्नो प्रथम दुत र सन्देष्टा नूह अलैहिस्सलाम लाई पठाउनु भयो उहाँले सबै मानिसहरुलाई एक अल्लाहको पूजा र उपासना तर्फ बोलाउनु भयो र मूर्ति पूजाबाट रोक्नु भयो त्यस पछि सन्देष्टाहरुको आउने क्रम शुरु भयो तिनीहरुको श्रंखला धेरै लामो रहेको छ, ति सबैजनाको उपदेश र संदेश एउटै थियो त्यो एक अल्लाहको उपासना गर्नु र अल्लाह बाहेक सबै पूज्यहरुलाई तयाग्नु ।
त्यसै मध्ये अल्लाहका एउटा रसूल इब्राहीम अलैहिस्सलाम पनि आउनु भयो उहाँले आफ्नो समूदायलाई एक अल्लाहको उपासना र अराधना तर्फ बोलाउनु भयो र मूर्तिहरुको पुजाबाट रोक्नु भयो । फेरी अल्लाहले उनको छोरा इस्माईल र इस्हाक अलैहिमास्सलाम लाई नबी बनाउनु भयो फेरि नबुवतको श्रंखला इस्हाक़ अलैहिस्सलामको सन्तानमा रहीयो इस्हाक़ अलैहिस्सलामको सन्तानमा धेरै ठूल ठूला सन्देष्टाहरु आए जस्तै याक़ुब, यूसुफ, मूसा, दाऊद, सुलैमान, र ईसा, अलैहिमुस्सलाम ईसा अलैहिस्सलाम पछि इस्हाक़ अलैहिस्सलामको सन्तानहरु मध्ये कोहीपनि सन्देष्टा आएनन् ।
त्यसपछि नबुवत स्थानान्तरण भयो र इस्माईल अलैहिस्सलामको सन्तानमा सरी हाल्यो अनि अल्लाहले मुहम्मद सल्लल्लाहु अलैह वसल्लमलाई नबुवतको लागी छनौट गर्नु भयो ताकि उनी सन्देष्टा र नबीहरुको श्रंखलालाई समाप्त पारुन् र उहाँको सन्देश र उपदेश अन्तिम र समापक सन्देश भइहालोस् र उहाँमाथी आफ्नो अन्तिम ग्रन्थ क़ुरआनलाई अवतरित गर्नु भयो, जुन सम्पूर्ण मानिस जातिको लागी उनको पालनकर्ताको तर्फबाट आएको अन्तिम सन्देश हो त्यसै गर्दा उक्त सन्देश परिपूर्ण, र जिवनका सबै आवश्यक्ताहरु त्यसमा समावेस छन् र यो मानव र दानवको हरेकवर्ग अरब र गैर अरब सबैको लागी छ, यो विश्वव्यापक धर्म हो हरेक समुदाय र हरेक ठाउँ र हरेक समयको लागी उचित र परिपूर्ण छ, यस धर्मले हरेक राम्रा र महान कुरालाई बताई दिएको छ र हरेक नराम्रा र दुष्ट कुराहरु बाट डराएको छ, अल्लाहले यस धर्म बाहेक अरु कुनै धर्मलाई कहिल्यै पनि स्वीकार गर्नु हुदैन